# विदेशी विनिमय (नियमित गर्ने) नियमहरु, २०२०

<u>नेपाल राजपत्रमा प्रकाशित मिति</u>

२०२०।६।२१

| | |
|---|---|
| विदेशी विनिमय (नियमित गर्ने) (पहिलो संशोधन) नियमहरु, २०४२ | २०४२।४।१ |
| विदेशी विनिमय (नियमित गर्ने) (दोस्रो संशोधन) नियमहरु, २०४८ | २०४८।९।२६ |
| विदेशी विनिमय (नियमित गर्ने) (तेस्रो संशोधन) नियमहरु, २०४९ | २०५०।१।७ |
| विदेशी विनिमय (नियमित गर्ने) (चौंथो संशोधन) नियमहरु, २०५१ | २०५१।७।२८ |

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले नेपाल राष्ट्र बैंकसंग परामर्श गरी देहायका नियमहरु बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरुको नाम “विदेशी विनिमय (नियमित गर्ने) नियमहरु, २०२०” रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२.[❶] **<u>सटही सुविधा</u>** : (१) बैंकले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको प्रयोजनको लागि विदेशी विनिमय सटही सुविधा दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिदिएको प्रयोजनको लागि विदेशी विनिमय सटही सुविधा प्रदान गर्ने सम्बन्धमा बैंकले वाणिज्य बैंकहरुलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यसरी दिएको निर्देशनको पालना गर्नु वाणिज्य बैंकहरुको कर्तव्य हुनेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी विनिमय सटही सुविधान प्रदान गर्ने सम्बन्धमा नेपाल सरकारले बैंकलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यसरी दिएको निर्देशनको पालना गर्नु बैंकको कर्तव्य हुनेछ ।

३. **<u>प्रमाण पेश गर्नुपर्ने</u>** : (१) नियम २ अन्तर्गत विदेशी विनिमय सटही चाहने व्यक्तिले सो सटही पाउनको लागि बैंकमा पाइने दरखास्त फाराममा खुलाउनुपर्ने सबै कुराहरु स्पष्ट

---

[❶] चौथो संशोधन नियमहरु, २०५१ द्वारा संशोधित ।

खुलाई सोझै बैंकमा वा त्यसको एजेन्सी मार्फत दरखास्त दिनुपर्छ र सो दरखास्तको साथ बैंले समय समयमा तोकिदिएका प्रमाणहरु पेश गर्नुपर्छ ।

(२) उपनियम (१) बमोजिम दाखिल भएका दरखास्त फाराम र प्रमाणहरुको अध्ययनबाट दरखास्तवालाको माग बैंको रायमा मुनासिव देखिन आएमा मनासिव देखिएको रकम जतिको विदेशी विनिमय सटही बैंकले सोझै वा आफ्नो एजेन्सी मार्फत दिन सक्नेछ ।

(३) बैंकले सटही दिनु मनासिव ठहऱ्याएको विदेशी विनिमय दरखास्तवालाको आवश्यकता र बैंकको अनुकूल समेत विचार गरी एकै मुष्ट वा पटक पटक गरी पनि दिनु सक्नेछ ।

४. **निकासीको लाइसेन्स पाउने व्यक्तिले गर्नुपर्ने** : (१) निकासीको लाइसेन्स पाउने व्यक्तिले देहाय बमोजिम गर्नुपर्छ :-

(क) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ९ बमोजिम भुर्नपर्ने प्रज्ञापनपत्र नेपाल राष्ट्र बैंकले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको फारामहरु मध्ये सम्बन्धित विषयको कुनै फाराममा भर्ने,

(ख) प्रज्ञापनपत्रमा उल्लेख भएको संख्या निकासी प्रज्ञापनपत्रहरु भर्ने,

(ग) प्रज्ञापनपत्रको पहिलो प्रति सम्वन्धित भन्सार अड्डा बुझाउने,

(घ) हुलाकद्वारा सामान निर्यात गरेकोमा प्रज्ञापनपत्रको सक्कल प्रति सम्वन्धित हुलाक अड्डामा बुझाउने र

(ङ) प्रज्ञापनपत्रको अन्य प्रतिहरु प्रज्ञापनपत्रमा उल्लेख भएको तरिकबमोजिम सोही प्रज्ञापनपत्रमा तोकिएको अधिकारी छेउ पेश गर्ने ।

(२) नेपाल राष्ट्र बैंकको निर्देशनानुसार भन्सार अड्डा वा हुलाक अड्डाका अधिकारीले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ९ को पालन भएको छ छैन भन्ने निश्चय गर्नको लागि आवश्यक प्रमाणहरुको माग गर्न सक्नेछन् ।

(३) निर्यात गरिएको सामानको पूरा मूल्य नेपाल राज्यबाट सामान चलान भएको मितिले ६।६ महिनाभित्र  निर्यातकर्ताले भुक्तानी प्राप्त गर्नेछ । तर निर्यातकर्ताले सो अवधि भित्र भुक्तानी प्राप्त गर्न नसकेको आवश्यक र सन्तोषजनक प्रमाणहरु पेश गरेमा बैंकले मूल्य भुक्तानी पाउने उक्त अवधि बढाईदिन पनि सक्नेछ ।

(४) निर्यात गरिएको सामानको पूरा मूल्य सामान निर्यात गरिएको देशको मुद्रामा वा नेपाल राष्ट्र बैंकले सटही दर तोकेको कुनै परिवर्त्य मुद्रा वा नेपाल राष्ट्र बैंकले तोकिदिएको कुनै मुद्रामा इजाजतपत्र प्राप्त व्यक्तिमार्फत प्राप्त हुनुपर्छ ।

५. **कबुलियतमा सही गर्ने तथा समर्थन गर्ने** : उपरोक्त नियमहरुमा लेखिएका शर्तहरु समावेश भएको कवुलियतपत्रमा सटही पाउने व्यक्तिले वा विदेश जाने यात्रुले वा एकै परिवारका धेरै व्यक्ति एकै साथ यात्रा गर्ने भए तिनिहरु मध्येको प्रमुखले सहिछाप गरेपछि विदेशी मुद्राको सटही पाइनेछ ।

६. **पैठारीको सम्बन्धमा पाइने विदेशी विनिमय** : (१) भारत बाहेक अन्य विदेशी मुलुकबाट पैठारी गरिएको स्वीकृत सूचीको मालसामानको भुक्तानीको हकलाई नेपाल सरकार, उद्योग वाणिज्य मन्त्रालयले जारी गरेको इम्पार्ट लाइसेन्स प्राप्त भएपछि नेपाल सरकार, अर्थ मन्त्रालयले स्वीकृती दिएको आधारमा नेपाल राष्ट्र बैंकले सम्वन्धित आयातकर्तालाई आवश्यक विदेशी विनिमय उपलब्ध गराउनेछ ।

(२) आयातको निमित्त भुक्तानीमा दिइने विदेशी विनिमयको प्रकृती र प्रकार नेपाल राष्ट्र बैंकबाट निर्धारण गरिए बमोजिम हुनेछ ।

७. **विदेशी सरकारहरुले बैंकमा जम्मा गरेको विदेशी विनिमय** : विदेशी सरकार वा विदेशी दूतावासहरु वा विदेशी सरकारी संस्थाहरु तथा संयुक्त राष्ट्रसंघीय संस्थाहरुले आफ्नो विदेशी विनिमय दिई नेपाली मुद्रा बैंकमा खोलेको वा नेपाल राष्ट्र बैंकले स्वीकृती लिई नेपाल स्थित अन्य बैंकसँग खोलेको खाताबाट कट्टा हुने गरी विदेशी विनिमय लिन चाहेमा बैंकले दिन सक्नेछ ।

८.❷ **वाणिज्य बैंकमा परिवर्त्य विदेशी मुद्राको खाता खोल्न सकिने** : देहायको व्यक्तिहरुले वाणिज्य बैंकमा परिवर्त्य विदेशी मुद्राको खाता खोल्न सक्नेछन् :-

(क) अन्तराष्ट्रिय संघ, संस्था वा राजदूतावासमा काम गरी परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने नेपाली नागरिकहरु,

(ख) कुनै देशमा❸ नोकरी वा व्यवसाय गरी परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने नेपाली नागरिकहरु,

---

❷ पहिलो संशोधन नियमहरु, २०४२ द्वारा थप

❸ तेस्रो संशोधन नियमहरु, २०४९ द्वारा संशोधित ।

(ग) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको वर्ग भित्र पर्ने स्वदेशी तथा विदेशी नागरिकहरु र[4] संघ, संस्था ।

९. **खाता खोल्न पाइने विदेशी मुद्राहरु** : नियम ८ को प्रयोजनको लागि देहायका विदेशी मुद्राहरुमा खाता खोल्न सकिनेछ :-

(क) स्टर्लिङ पाउण्ड,

(ख) अमेरिकी डलर र

(ग) नेपाल राष्ट्र बैंकले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको अन्य विदेशी मुद्राहरु

१०. **खाताका किसिमहरु** : नियम ८ बमोजिम खोलिने परिवर्त्य विदेशी मुद्राका खातामा किसिमहरु नेपाल राष्ट्र बैंकले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुनेछ ।

११. **खाता खोल्न चाहिने न्यूनतम रकम** : परिवर्त्य विदेशी मुद्राका खाता खोल्न चाहिने न्यूनतम रकम नेपाल राष्ट्र बैंकले समय समयमा तोकिदिए बमोजिम हुनेछ ।

१२. **व्याजदर** : परिवर्त्य विदेशी मुद्राको निक्षेपमा दिइने व्याजको दर र व्याज दिने तरिका नेपाल राष्ट्र बैंकले समय समयमा तोकिदिएबमोजिम हुनेछ ।

१३. **लगानी सम्बन्धी व्यवस्था** : वाणिज्य बैकहरुले परिवर्त्य विदेशी मुद्रा निक्षेपबाट प्राप्त रकमहरुको छुट्टै हिसाव राखी परिवर्त्य विदेशी मुद्रा आर्जन हुने क्षेत्रमा लगानी गनुपर्नेछ ।

[5] ................

१४. **भुक्तानी सम्बन्धी व्यवस्था** : (१) परिवर्त्य विदेशी मुद्रा निक्षेपको सावाँ र व्याज भुक्तानी गर्न नेपाल राष्ट्र बैंक वा नेपाल सरकारबाट विदशी मुद्रा वाणिज्य बैकहरुलाई उपलब्ध हुने छैन ।

(२) परिवर्त्य विदेशी मुद्रा निक्षेपको साँवा र व्याज वाणिज्य बैकहरुले आफ्नै खाताबाट[6] नै भुक्तानी गर्नुपर्नेछ ।

१५. **गोपनीयता** : परिवर्त्य विदेशी मुद्रा निक्षेपको बही र हरहिसावको विवरण खातावाला व्यक्ति र नेपाल राष्ट्र बैंकले आदेश दिएको व्यक्तिलाई बाहेक अरु कसैलाई देखाइने छैन ।

---

[4] देस्रो संशोधन नियमहरु, २०४८ द्वारा संशोधित ।

[5] तेस्रो संशोधन नियमहरु, २०४९ द्वारा खारेज ।

[6] तेस्रो संशोधन नियमहरु, २०४९ द्वारा संशोधित ।

१६.[7] **खातामा रकम जम्मा गर्ने तरिका** : परिवर्त्य विदेशी मुद्राको खाता खोल्न इच्छुक व्यक्तिले खाता खोल्नको लागि चाहिने न्यूनतम रकम र त्यस्तो खातामा जम्मा गर्नुपर्ने रकम बैंकिङ्ग क्षेत्रबाट प्राप्त भुक्तानी (रेमिट्यान्स) वा ड्राफ्ट वा यात्रु चेक वा नगदद्वारा जम्मा गर्न सक्नेछ । तर त्यस्तो खाता खोल्दा वा त्यसरी खोलिएको खातामा पछि नगद जम्मा गर्ने तरिका, सो सम्बन्धमा पालना गर्नुपर्ने शर्तहरु नेपाल राष्ट्र बैंकले तोके बमोजिम हुनेछ ।

१७. [8]................

१८.[9] **खाता सञ्चालन सम्बन्धी अन्य व्यवस्था** : (१) परिवर्त्य विदेशी मुद्राको खाता सञ्चालनको सम्बन्धमा यी नियमहरुमा लेखिए देखी बाहेक अन्य व्यवस्थाहरु नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम हुनेछ ।

१९.[10] **सुविधाहरु प्रदान गर्न सकिने** : परिवर्त्य विदेशी मुद्रामा खाता खोल्दा र उक्त खातामा जम्मा भएको रकम उपयोग गर्ने सम्बन्धमा प्रदान गरिने सुविधाहरु बैंकले[0] समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी ताकिदिन सक्नेछ ।

---

[7] तेस्रो संशोधन नियमहरु, २०४९ द्वारा संशोधित ।
[8] तेस्रो संशोधन नियमहरु, २०४९ द्वारा खारेज ।
[9] तेस्रो संशोधन नियमहरु, २०४९ द्वारा थप ।
[10] तेस्रो संशोधन नियमहरु, २०४९ द्वारा थप ।
[0] चौथौं संशोधन नियमहरु, २०५१ द्वारा संशोधित ।